# थलारा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
७ नं. प्रदेश, नेपाल

(थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ ७ नं. प्रदेश, नेपाल)

पत्र संख्या: २०७४/०७५
च.नं: ५६३

मिति:२०७५/०३/५

## संक्षिप्त सूचीको लागि आवेदन पेश गर्ने वारे को सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०३/०७)**

नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्न द्विपक्षिय सम्झौता अनुसार यस गाउँपालिकामा कार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (Rural Village Water Resources Management Project - RVWRMP) को सहयोगमा सञ्चालित हुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्वन्धी विभिन्न क्रियाकलापहरुमा उपभोक्ता समुदायलाई प्राविधिक तथा सामाजिक परिचालनमा सहजीकरण गर्न सम्भावित सहयोगी सँस्थाहरुको संक्षिप्त सूचीतयार गर्नुपर्ने भएकोले देहाय वमोजिम योग्यता पुगेका इच्छुक गैह्र सरकारी सँस्थाहरुवाट आवेदन आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. आवेदन गर्ने संस्था संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफामूलक "गैह्र सरकारी संस्था" को रुपमा दर्ता भई नियमानुसार नवीकरण भएको हुनुपर्नेछ र सम्वन्धित कर कार्यालयवाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ । आवेदन फाराम खरिद गर्दा यी कागजातहरु र आवेदन दस्तूर तिरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । मूल्य अभिवृद्धि करमादर्ता भएका संस्थाले समेत आवेदनगर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क वापत कुनै रकम भुक्तानी गर्नेछैन ।

२. आवेदन फारम रु.२०००। (अक्षरेपी दुई हजार मात्र) (पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिका कार्यालय, परियोजनाको प्राविधिक सहयोग इकाई चैनपुर , बझाङ र परियोजना सहयोग इकाई डडेल्धुरा बाट प्राप्तगर्न सकिनेछ । आवेदन दस्तूर गाउँ पालिकाको खाता नं. B3CA499393524003 NIC Asia बैंक, चैनपुर बझाङ) संचित खाता मा दाखिला गर्नु पर्नेछ । आवेदन फाराम गाउँ कार्यपालिकाको कार्यालय खोली बझाङ वा परियोजना प्राविधिक सहयोग इकाइ, चैनपुर बझाङमा बुझाउन सकिनेछ ।

३. आवेदन गर्ने संस्था ग्रामीण क्षेत्रमा जलस्रोत विकास (खानेपानी/सिंचाई/लघु जलविद्युत/सरसफाई) योजना कार्यान्वयन (Scheme Implementation) वा अन्य सामुदायिक विकास कार्यमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

४. संक्षिप्त सूचीको लागि प्रतिष्पर्धा गर्न चाहने संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्यपालिकाको कार्यालय खोली बझाङ वा परियोजनाको प्राविधिक सहयोग इकाई, चैनपुर बझाङ मापेश गर्नुपर्नेछ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट आवेदन बुझाउन सकिनेछ ।

५. संक्षिप्त सूचीको लागि मूल्याङ्कन गर्दा परियोजनाको स्वीकृत निर्देशिका बमोजिम गरिनेछ र निर्धारित योग्यता हासिल गरेका संस्थाहरु मध्येवाट तीन वटा संस्थाहरुलाई प्राप्ताङ्को योग्यता क्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।

६. संक्षिप्त सूचीमा पर्न सफल सँस्थाहरुको सूची गाउँकार्यपालिका कार्यालयको सूचना पाटी र परियोजना प्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।

७. रित नपुगी आएको वा म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कार्यवाही हुने छैन ।

८. कुनै कारण जनाई वा नजनाई प्राप्त आवेदनहरु पूरै वा आँशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँ पालिका परियोजना व्यवस्थापन समितिमा रहेको छ ।

९. अन्य कुराहरु ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. थप जानकारी यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

संजीव न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

URL:www.thalaramun.gov.np
Email:ito.thalaramun@gmail.com